# श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साविक, बन्जरीया-९) नवलपरासी

प.सं. :- २०८२/०८३
च.नं. :-

विषय :- पत्ल्याउने तथा सुधार कटान (Thinning and Improvement Felling) कार्यका लागि सूचना ।

सूचना प्रकाशन : प्रथम पटक प्रकाशन मिति : २०८२/१२/०२ गते

उपरोक्त सम्बन्धमा यस साझेदारी वनको स्वीकृत वन सर्म्वधन प्रणालीमा अधारीत वन व्यवस्थापन कार्ययोजना बमोजिम चालु आ.व. २०८२।०८३ मा पत्ल्याउने तथा सुधार कटान (Thinning and Improvement Felling) कार्य अन्तरगत निम्न अनुसार लाथ्रा, पोल र रुखहरुको कटान, मुछान, यार्डिङ, लोडिङ, अनलोडिङ, बोका झिक्ने, रिङ्ग काट्ने, ढुवानी गरी घाटगद्दिमा पाईलिङ गर्ने, ग्रेडिङ्ग गर्ने र दाउरा चट्टा निर्माण गर्ने कार्यका लागी प्रचलित नर्मस तथा जिल्ला दररेट अनुसार तयार भै स्वीकृत गरिएको लागत इष्टिमेटमा घटाघट प्रकृयावाट कार्य सम्पन्न गर्नुपर्ने भएकोले लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने सूचना प्रकाशित गरिएको छ । मु.अ. करमा दर्ता भएका वन पैदावारको कारोवार गर्ने मान्यता प्राप्त इच्छुक व्यक्ति, संघ, संस्था, फर्म, कम्पनी वा उद्योग व्यवसायीवाट तपसिल वमोजिमका शर्त अनुसार तपसिल बमोजिमका मितिका दिन भित्र अलग अलग कम्पार्टमेन्ट लागी अलग अलग शिलबन्दि दरभाउपत्र खरिद गरी स्वीकृत लागत अंकमा घटाघट गरी शिलवन्दी दरभाउपत्र दर्ता गर्नु हुन आव्हान गरिन्छ ।

## तपसिल

### १. कटान, मुछान, संकलन हुने वन पैदावारको विवरण

| सि. नं. | कम्पार्टमेन्ट | ठेक्का नं. | उत्पादन हुने अनुमानित लाथ्रा | उत्पादन हुने अनुमानित पोला | उत्पादन हुने अनुमानित काठ घ.फि. | उत्पादन हुने अनुमानित दाउरा चट्टा | जम्मा संकलन खर्च रु. | | | अनुमानित कुल जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | लाथ्रा र पोल | काठ | दाउरा | |
| १ | C2S7 | ६-२०८२/०८३ | ३३५१० | ३०४६४ | १२१५४.०९ | १२१ | २६३०४०९.५८ | १७८८२३१.२६ | १३०९८१८.९५ | ५७२८४५९.७९ |
| २ | C3S5 | ७-२०८२/०८३ | ६००२८ | ४२३२८ | १८९०८.८३ | १८९ | २४८९०८७.३७ | २७८२०५६.१६ | २०४५९१५.५५ | ७३१७०५९.०८ |

**नोट :-** थिनिङ्ग तथा सुधार कटानको क्रममा कटान गरिएको लाथ्रा/पोल/रुखको संख्या र काठ दाउरा उत्पादन परिमाणको आधारमा भुक्तानी गरिनेछ ।

२. दरभाउपत्र फाराम विक्री वितरण गर्ने स्थान: समूहको कार्यालय र डिभिजन वन कार्यालय, नवलपरासी ।

३. दरभाउपत्र फारम विक्री वितरण हुने मिति र समय:
**मिति :** २०८२/१२/०२ गतेबाट ३० औं दिन सम्म ।
**समय :** कार्यालय समय ।

४. दरभाउपत्र फाराम खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मञ्जुरीनामा निवेदन साथ पेश गर्नु पर्नेछ । निवेदन साथ अन्य आवश्यक कागजातहरु संलग्न हुनु पर्नेछ ।

५. दरभाउपत्र साथ आफूले कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस समुहको नवलपरासी स्थित रा.वा. वैंकमा रहेको खाता नं. ३१००१००००४४२२००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस समूहको

श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह

रामग्राम-१८ (साविक, बन्जरीया-९) नवलपरासी

प.सं. :- २०८२/०८३

च.नं. :-

नाममा खिचिएको ६ महिना भन्दा बढि अवधिको सक्कल बैंक जमानत समावेश हुनु पर्नेछ । नगद धरौटीलाई मान्यता दिइनेछैन ।

६.दरभाउपत्र फाराम रु. ३०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस समूहको कार्यालयबाट वा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद गर्न सकिनेछ ।

७. दरभाउपत्र समूहको कार्यालयमा देहाय बमोजिम मितिमा दर्ता गर्न सकिने छ ।
मिति : २०८३/०१/०२ गते
**समय** : दिनको १ : ०० बजे भित्र दर्ता गर्नु पर्नेछ ।

८. कटान मुछान हुने वन पैदावार सम्वन्धित कार्यालयमा सम्पर्क राखी सम्बन्धीत कर्म्पाटमेन्ट गई हेर्न सकिनेछ ।

९. घटाघट प्रक्रियामा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्र, कारोवार दर्ता प्रमाणपत्र, मु. अ. कर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ । नागरिकता वाहेकका कागजात आ. व. २०८१/०८२ सम्मको लागि रितपूर्वकको नियमित हुनु पर्नेछ ।

१०. रितपूर्वक दर्ता भएका दरभाउपत्र साझेदारी वन उपभोक्ता समूहले मिति २०८३।०१।०३ गते दिनको ११:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

११. दरभाउपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र बुद्धशान्ती साझेदारी वन व्यवस्थापन समूह, कार्यान्वयन इकाईमा उपस्थित भई करारनामा गरी डिभिजन वन कार्यालयबाट वन प्रवेश इजाजत लिई कटानको कार्य शुरु गर्नु पर्नेछ । समय भित्र करारनामा गर्न नआएमा/करारनामा गरी कटानको कार्य शुरु नगरेमा राखेको धरौटी जफत हुनेछ ।

१२. सकार गरेको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा सकार रकम फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१३. दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस समूहमा सुरक्षित रहनेछ ।

१४. कटान मुछान कार्यमा संलगन कामदारहरुको अनिवर्य दुर्घटना बिमा गर्नुपर्नेछ । साथै कटान देखि घाटगढ्रि सम्पन्न अवधिभर कामदारको सुरक्षा (हेलमेट, पन्चा, चस्मा, मास्क, First Aid kit समाग्री) आदिको व्यवस्था गर्नुपर्ने छ।

१५. कटान मुछान कार्य सूर्यादय देखि सुर्यास्त सम्म मात्र पाइने छ र कामदारलाई वन क्षेत्र बाहिर सुरक्षित स्थानमा राख्नुपर्ने छ ।

१६. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन विदा परे सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१७. हाल समुहको कोषमा मौजदात रकम नभएकोले कटान मुछानको खर्च यस समुहले वन पैदावार विक्री वितरण गरि रकम मौजदात भए पश्चात मात्र भुक्तानी दिनेछ ।

१८. रीत नपुगी वा म्याद नाघी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१९. सूचना बमोजिम दरभाउपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वत अमान्य हुनेछ ।

२०. अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

इति सम्वत् २०८२ साल चैत्र महिना २ गते रोज २ मा शुभम् ..........................................................

# वन डढेलो नियन्त्रणको लागि सप्ताहव्यापी कार्यक्रम



देवदह । रुपन्देहीको देवदहमा वन डढेलो नियन्त्रणको लागि सप्ताहव्यापी कार्यक्रम सुरु भएको छ ।

गाईं वन समन्वय सञ्जाल देवदहले गर्मीयाम सुरु भएसँगै वन डढेलो नियन्त्रण गर्ने उद्देश्यले सप्ताहव्यापी कार्यक्रमको शुभारम्भ गरेको हो । सञ्जालले जनप्रिय सामुदायिक वनमा एक कार्यक्रमको आयोजना गरी अभियानको सुरुवात गरेको हो । सो अवसरमा बोल्ने वक्ताहरूले वन डढेलो नियन्त्रणको लागि सामूहिक प्रयास र सबैको अत्यावश्यक रहेको बताएका थिए ।

कार्यक्रममा बोल्दै डिभिजन वन कार्यालय रुपन्देहीका प्रमुख वन अधिकृत ज्ञानेश शाहले पछिल्ला दिनमा सामुदायिक वनको मुख्य चुनौती आगलागी हुने गरेको बताए । उनले काठ दाउरा र वनको दीर्घकालीन सुधारको लागि पनि डढेलो नियन्त्रण आवश्यक रहेको उल्लेख गरे । अधिकृत शाहले नेपालमा प्राकृतिक कारणबाट ५ प्रतिशत र मानवीय कारणबाट ९५ प्रतिशत वनमा आगलागी हुनेगरेको भन्दै यसलाई नियन्त्रण गर्न सबै लाग्नु पर्नेमा जोड दिए । उनले आगलागी नियन्त्रणको लागि सामुदायिक वनहरूबीच सहकार्य गर्न आवश्यक रहेको बताउँदै सामुदायिक वनहरूले अग्नि रेखा निर्माण गर्नुपर्ने बताए ।

गाईं वन समन्वय सञ्जाल देवदहका अध्यक्ष श्रीमन्नारायण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा देवदह आदर्श बहुमुखी क्याम्पसका अध्यक्ष वासुदेव रिमाल, क्याम्पस प्रमुख जयकिसन अधिकारी, स्मृति सामुदायिक वनका सचिव सुशिला भट्टराई, कोटहीमाई वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष काशिराम सापकोटालगायतले बोल्दै प्रकृतिको संरक्षण र दीगोपनको लागि समेत डढेलो नियन्त्रण आवश्यक रहेको बताएका थिए ।

जनप्रिय सामुदायिक वन उपभोक्ता समूहका कोषाध्यक्ष अध्यक्ष टेकबहादुर थिङकर्मीका स्वागत र सञ्जालका सचिव टेकबहादुर रानाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

---

कार्की...

जेन-जी आन्दोलनका क्रममा आगजनी भएका हाकिम कार्यालय, सिंहदरबार लगायतका स्थानमा गरिएको खरानी तथा औंठी, जलेको हड्डीको माटो, जलेका गाडीका टुक्रा, आधा जलेका काठका टुक्रा, आधा जलेका कपडाका भौतिक टुक्रासहितका १५ वटा नमूना अलग-अलग सिल बन्द प्लास्टिकमा प्याक गरी तथा १२ एमएल पानीमा भोल पदार्थ सेन्ट्रिफ्युज ट्युबमा हालेर भारतको दिल्लीस्थित सेन्ट्रल फोरेन्सिक साइन्स ल्याबोरेटरीमा पठाइएको थियो ।

नेपाल सरकारले नै भारत सरकारसँग समन्वय गरेर यो नमुना परीक्षण गरेको भए पनि सो प्रतिवेदन सरकारले सार्वजनिक गरेको छैन । भदौ २३ र २४ को घटनासम्बन्धी छानबिन आयोगले फोरेन्सिक परीक्षणको प्रतिवेदनबिना नै आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ । "नमूना परीक्षण गर्न पठाएको भन्ने हामीले जानकारी पाएका छौं । तर, हामीलाई रिपोर्ट उपलब्ध गराइएन," आयोगका प्रवक्ता विज्ञानराज शर्माले मिडियासँग भने-"आगामी दिनमा यस्ता नमुना नेपालमै परीक्षण गर्ने प्रयोगशालाको व्यवस्था गर्न सुझाव दिएका छौं ।"

जबकि आयोगले प्रतिवेदन बुझाएको एक महिनाअघि माघ २५ गते नै भारतको गृह मन्त्रालयमार्फत् यो प्रतिवेदन परराष्ट्र मन्त्रालयमा आएको थियो । परराष्ट्र मन्त्रालयले माघ २६ गते यो प्रतिवेदन गृह मन्त्रालयमा पठाएको निमितिको खोजमा देखिन्छ । फोरेन्सिक प्रयोगशालाले माघ ३ गतेदेखि परीक्षण सुरु गरेर माघ १६ गते यो प्रतिवेदन तयार पारेको थियो ।

भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा देशभरमा सरकारी, निजी र सामुदायिक गरी कुल २ हजार ६ सय ७२ वटा भवनमा तोडफोड तथा आगजनी भएको छ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको भदौ २३ र २४ को आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना प्रतिवेदनअनुसार तोडफोड र आगजनी हुँदा सबैभन्दा धेरै २ हजार १ सय ९१ वटा सरकारी भवन छन् ।

आन्दोलनका क्रममा विभिन्न सामाजिक सञ्जालमा पोस्ट भएका तस्बिर तथा भिडियोमा पनि प्रदर्शनकारीले संसद भवन, सर्वोच्च अदालतमा मात्र होइन, काठमाडौं उपत्यकाबाहिर पनि पेट्रोल बम प्रहार गरेको देखिन्छ । त्यस्ता तस्बिर र भिडियो संकलन गरेर विज्ञहरूले विश्लेषण गर्दा पेट्रोल प्रयोग भएको देखिन्छ ।

विज्ञहरूले प्राप्त गरेको एउटा टिकटक भिडियोमा सिंहदरबारभित्रको प्रधानमन्त्रीको कार्यालय रहेको भवनमा आगजनीअघि हथौडा बोकेका केही व्यक्तिले भित्र पसेर तोडफोड गरेका थिए । उनीहरूले भवनका झ्यालका सिसा, टेबल तथा टेबलमा रहेका कम्प्युटर र प्रिन्टरमा हथौडाले हानेर तोडफोड गरेको भिडियोमा देखिन्छ ।

नेपाल प्रहरीलाई नमुना संकलन गर्न लगाएर गृह मन्त्रालयले पुस पहिलो साता नमूनाहरू भारतमा परीक्षण गर्न पठाएको थियो । भारतको गृह मन्त्रालयले नेपालबाट पठाएको नमुना परीक्षण गर्न पुस १५ गते नयाँ दिल्लीको लोधी रोडमा रहेको सरकारी स्वामित्वको प्रयोगशालामा दिएको थियो ।


## खरकट्टीताल सा.व.उ.स. सुनवल ४ नवलपरासी (ब.सु.प.) को वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०२

डिभिजन वन कार्यालय को च.नं. १०१६ मिति २०८२/११/२५ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई सुनवल ४ कार्यालय रूपकाउन्डमा भण्डारण भएको साल समेत मिश्रित जात १०७ को ३५०९.४२ क्यु. फि. काठ समूह बनाई लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

## बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम ५, नवलपरासी

## पतल्याउने तथा सुधार कटान (Thinning and Improvement Felling) कार्यका लागि सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/१२/०२

उपरोक्त साझेदारी वनको स्वीकृत वन व्यवस्थापन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना बमोजिम चालु आ.व. २०८२/०८३ मा निम्न अनुसार पतल्याउने तथा सुधार कटान (Thinning and Improvement Felling) कार्य गर्नुपर्ने कम्पार्टमेन्ट (C25) को विभिन्न जातका अनुमानित ३४५१० घनफीट साल, १०४६४ गोडा पोल, काठ ११९५४.०९ घ.फी ( दाउरा १२१ चट्टा) र कम्पार्टमेन्ट (C36)को विभिन्न जातका अनुमानित ६००२८ गोडा लाथा ५१३२८ गोडा पोल, काठ १८९००.८१ घ.फी (दाउरा १८९ चट्टा) को कटान, मुछान, ढुवानी गरी घाटगद्दि, गाडीमा लोड गर्ने कार्यका लागि इच्छुक व्यक्ति/फर्मले इजाजत प्राप्त सेवाप्रदायकले १० दिनभित्र दरभाउपत्र खरिद गरी रीतपूर्वक अलग अलग कम्पार्टमेन्टको अलग अलग सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीका लागि समूहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२।०९।१० गते परासीदेखि भुमही जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन विनम्र अनुरोध छ ।

नाम: भानु प्रताप चौधरी
ठेगाना: रामग्राम-९, नवलपरासी
बिमा लेख नं.: २१११०६३०१
मोबाइल नं: ९८२९०८०३६६

## लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/०२

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई साल जात काठ ११८१.५१ घ.फिट./कर्माको १०१०.१२ अन्य जातको १३३२.८२ तथा १४१ थान साल जातको १२२ थान/कर्मा १५१ थान अन्य जातको जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालय परासी र नवलपरासी जिल्लास्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

श्री डाँफे सामुदायिक वन उपभोक्ता समूह
सुनवल न.पा.-४, नवलपरासी

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
## यातायात व्यवस्था सेवा कार्यालय
बुटवल, पाल्पा

## प्रयोगात्मक परीक्षा फिल्ड तथा सवारी साधन उपलब्ध गराउन प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।१२।०२

यस कार्यालयबाट सञ्चालन हुने वर्ग B,C,CLE (कार, जिप, भ्यान, ई-रिक्सा, अटोरिक्सा, ट्रेक्टर) वर्गको सवारी साधनको सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाका लागि आवश्यक पर्ने परीक्षा फिल्ड र सवारी साधन उपलब्ध गराए बापत परीक्षार्थीहरूसँग दस्तुर लिई सेवा प्रदान गर्ने शर्तमा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनका लागि ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्रति परीक्षार्थी अधिकतम के कति दररेटमा सवारी साधन सहित प्रयोगात्मक परीक्षास्थल उपलब्ध गराउन सकिने हो सो कुरा खुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिएको छ ।

शर्तहरु:

१. प्रयोगात्मक परीक्षा फिल्डको मापदण्ड, विस्तृत विवरण तथा अन्य शर्तहरू कार्यालयले तयार गरेको कार्यक्षेत्र शर्त बमोजिम हुनेछ ।
२. प्रयोगात्मक परीक्षा फिल्ड तानसेन नगरपालिका क्षेत्र भित्र हुनुपर्नेछ साथै प्रयोगात्मक परीक्षा फिल्डमा सिसिटिभी क्यामेरा, ट्राफिक लाईट जडान कार्यको लागि आवश्यक पूर्वाधार रहेको हुनु पर्नेछ ।
३. प्रयोगात्मक परीक्षा फिल्डको मापदण्ड "सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, 2077" मा उल्लेख भए बमोजिमको हुनुपर्नेछ ।
४. प्रयोगात्मक फिल्डमा प्रयोग हुने सवारी साधनहरूको अद्यावधिक रहेको कागजात (बिलबुक, ट्याक्स चुक्ता बिमा) को प्रतिलिपी पेश गर्नुपर्नेछ ।
५. सूचना बमोजिमको प्रस्ताव अनुसार उपलब्ध हुने सवारी साधनहरू सन २०१८ वा सो भन्दा पछाडी बनेको हुनुपर्नेछ ।
६. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी दुवै प्रस्तावहरू पुनः एउटै मूल खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
७. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्ने र १६औं दिनको १:०० बजे प्राविधिक प्रस्ताव खोलिनेछ ।
८. प्राविधिक प्रस्तावको मूल्याङ्कन गरी प्राविधिक प्रस्तावमा पास भएका प्रस्तावहरूको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।
९. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सार्वजनिक बिदाको भोलिपल्ट अन्तिम दिन कायम हुनेछ ।
१०. पेश हुन आएका प्राविधिक तथा आर्थिक प्रस्ताव निर्धारित समयमा कार्यालयका प्रतिनिधि र प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । साथै प्रस्ताव खोलिने दिन प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन ।
११. प्रस्तावदाताले यस प्रस्तावमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र यस पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित रूपमा स्वघोषणा उपलब्ध गराउनु पर्नेछ ।
१२. सवारी साधन, प्रयोगात्मक फिल्ड आफ्नो स्वामित्वको हुनुपर्ने वा सञ्चालन गर्न भाडामा लिएको भए प्रचलित कानून बमोजिमको सम्झौताको कागजात पेश गर्नुपर्नेछ ।
१३. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१४. यस सूचनामा उल्लेख नभएका अन्य शर्तहरू प्रचलित ऐन, नियम, कार्यविधि तथा कानून बमोजिम हुनेछ ।
१५. प्राविधिक तथा आर्थिक प्रस्तावको BOQ कार्यालयबाट लिनुपर्नेछ, सो बापत रु.एक हजार राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३५०७०१५०७०१५ मा भुक्तानी गर्नुपर्नेछ ।
१६. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ ।

| क.स. | प्राविधिक प्रस्तावको साथमा सिलबन्दी गर्नुपर्ने कागजातहरू | आर्थिक प्रस्तावको साथमा सिलबन्दी गर्नुपर्ने कागजातहरू |
|---|---|---|
| १ | कार्यालयले तोकेको मापदण्ड पुरा भएको स्वघोषणा सहितको प्रस्तावको निवेदन | प्राविधिक तथा आर्थिक प्रस्तावको BOQ कार्यालयबाट खरिद गरेको रसिदको प्रतिलिपी |
| २ | प्रयोगात्मक परीक्षास्थल र सवारीसाधनको कानूनी मापदण्ड पुरा भएको प्राविधिक प्रतिवेदन | प्रयोगात्मक परीक्षामा सहभागी हुने परीक्षार्थीबाट प्रतिव्यक्ति लिने सेवा शुल्क (कर बाहेक) अंक र अक्षरमा खुलेको विवरण |
| ३ | संस्थाको इजाजत दर्ता प्रमाणपत्र, संस्था नविकरण भएको प्रमाणपत्र, स्थान दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र | |
| ४ | परीक्षास्थल रहेको जग्गाको स्वामित्व आफ्नै नाममा भए सो को जग्गाधनी पूर्जा र भाडामा भए जग्गाधनी पूर्जा र कानून बमोजिम भएको सम्झौतापत्रको प्रतिलिपी | |
| ५ | प्रयोगात्मक परीक्षा स्थलको इजाजत (सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ बमोजिम) नविकरण सहितको प्रमाणपत्रको प्रतिलिपी | |

कार्यालय प्रमुख

# Binayi Tribeni Rural Municipality

### Office of The Rural Municipal Executive

Dumkibas, Nawalparasi (East of Bardaghat Susta)
Gandaki Province, Nepal

## Invitation For Online Bid

First Date of publication: 2082/12/02(16th, March, 2026)

1.Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 30/BTRM /NCB/ Works /2082-083 | mukhyamantri nawa prabardan antargat sinchaai aayojana.(deep boring, shallow boring, well construction and other equipment for irrigation)Binayi Tribeni Rural Municipality Nawalparasi (East) | 5994972.67 | 150000 | 3000.00 | 2083/01/02 (15th, April, 2026) Before 12:00 | 90 Days | 2082/12/22 (5th, April 2026) at 1:00 PM | 2083/01/02 (15th, April, 2026) After 1:00 | |
| 2 | 31/BTRM/ NCB/ Works/ 2082-083 | Rastriya Aadhar bhut vidyalay raninagar bhawan nirman: Shree Narayani gandaki sadharan tatha sanskrit ma vidyalay Bhawan nirman | 4498530.79 | 135000 | 3000.00 | 2083/01/02 (15th, April, 2026) Before 12:00 | 90 Days | 2082/12/22 (5th, April 2026) at 1:00 PM | 2083/01/02 (15th, April, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: BinayiTribeniRural Municipality, Nawalparasi(East) BinayiTribeniGaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**